# गण्डकी प्रदेश सभा

छैटौं अधिवेशन

बैठक संख्या -१६

## सूचनापत्र-२

**(मिति २०८१ साल असार ०७ गतेको बैठकको कारवाहीको संक्षिप्त विवरण)**

- गण्डकी प्रदेश सभाको मितिः२०८१ साल असार ०७ गतेको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको १२ बजेर ०५ मिनेटमा प्रारम्भ भयो ।
- बैठकको प्रारम्भमा माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन सम्बन्धि पत्र पढेर सुनाउनुभयो ।
- त्यसपश्चात माननीय आर्थिक मामिलामन्त्री टकराज गुरुङ्गले राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफलमा उठेको बजेट वक्तव्यका विषयमा जवाफ दिई स्पष्ट पार्नुभयो ।
- त्यसपछि राजस्व र व्ययको वार्षिक अनुमान माथिको बाँकी सामान्य छलफल प्रारम्भ भयो । उक्त छलफलमा मा. विन्दु पौडेल, मा. दिलमाया पौ. वि., मा. सिता कुमारी सन्दास, मा. रेशम बहादुर जुग्जाली, मा. कृष्ण प्रसाद पाठक, मा. डिल्ली राम सुवेदी, मा. निर्मला थापा, मा. कल्पना तिवारी, मा. देवका पहारी त्रिपाठी, मा. सरस्वती गुरुङ्ग, मा. गणेशमान गुरुङ्ग, मा. जित बहादुर शेरचन, मा. पदमा जि.सी, मा. बेद बहादुर गुरुङ्ग, मा. प्रकाश बहादुर के.सी., मा. भिम बहादुर कार्की र मा. हरिबहादुर चुमानले भाग लिनुभएको थियो ।
- यसैबीच बैठक आधा घण्टाको लागि स्थगित भयो ।
- स्थगित सभाको बैठक ४ बजेर १० मिनेटमा पुनः प्रारम्भ भयो र बैठकमा आर्थिक मामिला मन्त्री माननीय टकराज गुरुङ्गले आर्थिक बर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफलमा उठेका विषयवस्तुको बारेमा जवाफ दिनुभयो ।
- त्यसपछि माननीय सभामुखले आर्थिक बर्ष २०८१/८२ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफल समाप्त भएको घोषणा गर्नुभयो।
- माननीय आर्थिक मामिला मन्त्री टकराज गुरुङ्ले गण्डकी प्रदेश सरकारको "आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" सभामा प्रस्तुत गुर्नुभयो ।
- सभाको अर्को बैठक २०८१ असार ११ गते विहान ११ बजे बस्नेगरी स्थगित भयो ।